माछापुच्छ्रे बैंक लिमिटेड

# निर्वाचन अधिकृतको कार्यालय

मुकाम पोखरा, कास्की ।

## निर्वाचन कार्यक्रमको सूचना ॥

माछापुच्छ्रे बैंक लिमिटेडको मिति २०७३ पौष २२ गते (तदनुसार ६ जनवरी २०१७) शुक्रबारका दिन सम्पन्न हुने १८ औं वार्षिक साधारण सभामा बैंकको नियमावलीको नियम ८(२)(ख) बमोजिम सर्वसाधारण शेयरधनि समुहको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ३(तीन) जना सञ्चालक पदको निर्वाचनको प्रयोजनको लागि संचालक निर्वाचन कार्यबिधि निर्देशिका २०६९ बमोजिम निम्न बमोजिमको निर्वाचन कार्यक्रम प्रकाशित गरिएको व्यहोरा जानकारी गराईन्छ ।

| क स | कार्यक्रम | मिति | समय | | स्थान |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| १ | मतदाता नामावली प्रकाशन गर्ने | २०७३/०९/१९ | ११:०० बजे | १२:०० बजे | निर्वाचन अधिकृतको कार्यालय माछापुच्छ्रे बैंक लिमिटेड प्रधान कार्यालय, पोखरा, कास्की र निर्वाचन अधिकृतको सर्म्पक कार्यालय, बैंकको कर्पोरेट कार्यालय लाजिम्पाट, काठमाण्डौ । |
| २ | मतदाता नामावली उपर दावि विरोध गर्ने | २०७३/०९/१९ | १२:३० बजे | १:३० बजे | ऐ. ऐ. |
| ३ | मतदाता नामावली उपर परेको उजुरीको छानविन तथा निर्णय | २०७३/०९/१९ | २:०० बजे | ३:०० बजे | ऐ. ऐ. |
| ४ | अन्तिम मतदाता नामावली प्रकाशन गर्ने | २०७३/०९/१९ | ३:१५ बजे | ४:०० बजे | ऐ ऐ |
| ५ | उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने | २०७३/०९/२० | ११:०० बजे | १:०० बजे | ऐ ऐ |
| ६ | उम्मेदवारहरुको प्रथम नामावली प्रकाशित गर्ने | २०७३/०९/२० | १:३० बजे | २:०० बजे | ऐ ऐ |
| ७ | उम्मेदवारी उपर दाबि विरोध गर्ने | २०७३/०९/२० | २:३० बजे | ४:०० बजे | ऐ ऐ |
| ८ | उम्मेदवारको मानोनयन पत्रको जाँच र उजुरी उपरको निर्णय | २०७३/०९/२१ | ११:०० बजे | १२:०० बजे | ऐ ऐ |
| ९ | उम्मेदवारको नाम फिर्ता लिने | २०७३/०९/२१ | १२:३० बजे | ३:०० बजे | ऐ ऐ |
| १० | उम्मेदवारको अन्तिम नामावली प्रकाशित गर्ने | २०७३/०९/२१ | ३:३० बजे | ४:३० बजे | ऐ ऐ |
| ११ | मतदान गर्ने | २०७३/०९/२२ | मतदान गर्ने समय ३ घण्टा प्रदान गरिने | | साधारणसभा स्थल, होटल पोखरा ग्राण्ड, पोखरा, कास्की । |
| १२ | मतगणना गर्ने | मतदान कार्य समाप्त भएपछि | | | ऐ ऐ |
| १३ | निर्वाचन परिणाम घोषणा गर्ने | मतगणना कार्य समाप्त भएपछि | | | ऐ ऐ |

दृष्टव्य :

१. मतदान कार्य मिति २०७३/९/२२ गते संचालन हुने बार्षिक साधारण सभाको लागी तोकिएका अन्य बिषयहरुमा छलफल सकिए पश्चात कम्तिमा ३ घण्टा मतदानको लागि समय दिईने छ । उक्त ३ घण्टाको समय भित्रमा मतदानको लागि निर्बाचन स्थलमा प्रवेश गरेका मतदाताहरुले मात्र मतदात गर्न पाउनेछन् ।

२. निर्बाचनमा मतदानको कार्यक्रम समाप्त भएपछि मत गणनाको कार्य सुरु गरीनेछ ।

३. मतगणना कार्य समाप्त भएपछि निर्बाचन परिणाम घोषणा गरीनेछ ।

४. सभामा भाग लिने र मतदान गर्ने ब्यक्ती एउटै हुनुपर्ने छ ।

५. संचालक पदमा उम्मेद्वार हुन चाहने शेयरधनिले निर्बाचन सम्बन्धि कार्यक्रममा तोकिएको समयमा तोकिएको ढाँचा बमोजिमको उम्मेदवारीको दरखास्तमा एकजना प्रस्ताबक र एकजना समर्थक सहित उम्मेदवारी दर्ता गर्नुपर्ने छ । आफ्नो उम्मेदवारी फिर्ता लिन चाहेमा तोकिएको समयमा फिर्ता लिन सक्ने छ, तर संचालक समितिको अध्यक्षले अनुमति दिएमा सो समय पछि पनि उम्मेदवारले आफ्नो नाम उम्मेदवारीबाट फिर्तालिन सक्नेछ ।

६. प्रोक्सी फाराम साधारण सभा शुरु हुने मिति २०७३/९/२२ गते विहान ११ : ०० बजे भन्दा ४८ घण्टा अगावै अर्थात मिति २०७३/९/२० गते विहान ११ : ०० बजे भित्रमा दर्ता गराई सक्नु पर्नेछ ।

७. शेयरधनीको हाजिरी पुस्तिका साधारणसभा हुने दिन बिहान १० : ०० बजे देखि दिनको १ : ०० बजेसम्म खुल्ला रहनेछ । दिउसो १ : ०० बजेसम्म हाजिर हुने शेयरधनी वा शेयरधनीको प्रतिनिधिले मात्र संचालक पदको निर्बाचनमा भाग लिन पाउनेछन् ।

८. तोकिएको समयभित्र रितपुर्वक दर्ता भएका प्रोक्सीको विवरण सक्कल अभिलेखहरु रुजु गरि सदर प्रोक्सी र बदर प्रोक्सीको जानकारी सम्वन्धित शेयरधनीलाई साधारणसभाको हाजिर पुस्तिकामा दस्तखत गर्ने समयमा गराईनेछ ।

९. मतदानमा सहभागी हुने शेयरधनीले आफ्नो शेयर प्रमाण पत्र वा नागरिकत्ता प्रमाण पत्र वा सम्बन्धित निक्षेप सदस्यबाट जारि भएको हितग्राही नम्बर खुल्ने कागज साथै लिई उस्थित हुनु पर्ने छ ।

१०. निर्बाचन सम्बन्धि अन्य बिषयहरु बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन २०६३, बैंकको संचालक निर्बाचन कार्याबिधि निर्देशिका २०६९, साधारण सभाको सुचना वा निर्बाचन अधिकृतले तोके बमोजिम हुनेछ ।

११. निर्वाचन अधिकृतको कार्यालय बैंकको केन्द्रिय कार्यालय पोखरा, कास्की र निर्वाचन अधिकृतको सम्पर्क कार्यालय बैंकको कर्पोरेट कार्यालय, लाजिम्पाट काठमाण्डौमा खडा गरिएको हुंदा निर्बाचन सम्वन्धमा कुनै शेयरधनीलाई थप जानकारी आवश्यक भएमा कार्यालय समयं भित्र सम्पर्क राख्न अनुरोध गरिन्छ ।

Corporate Office * Machhapuchchhre Bank Ltd. *

.......................................

अधिबक्ता : गोविन्द कुमार श्रेष्ठ

निर्वाचन अधिकृत

मिति : २०७३/०९/१४

दिउसो ३:०० बजे